स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ७, संख्याः६, चैत्र ०२ गते, द्दण्डण साल**

## भाग-१

## सरुमारानी गाउँपालिका

## सरुमारानी गाउपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको (पहिलो संशोधन) ऐन, २०८०

प्रथम संशोधन मितिः२०८०।११।३०
सभाबाट स्वीकृत मितिः२०८०।११।३०
राजपत्रमा प्रकाशित मितिः२०८०।१२।२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) बमोजिम सरुमारानी गाउँपालिकाको चौधौं गाउँसभाले यो पहिलो संशोधन ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “सरुमारानी गाउँपालिकाको वन ब्यबस्थापन सम्बन्धमा ब्यबस्था गर्न बनेको ( पहिलो संशोधन, ऐन २०८०” रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मूल कानुनको दफा १२ को उपदफा-३ को सट्टा देहाय बमोजिम संशोधन गरी राखिएको छ।**

३) *उपभोक्ता समूहको कार्यसमितिको अवधी बढीमा पाँच वर्षको हुनेछ र उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिव र उपाध्यक्ष वा कोषाध्यक्षमध्ये एक जना महिला सहित सम्पूर्ण कार्यसमितिको ५० प्रतिशत महिलाको समाबेशीकरण सुनिश्चित कायम गर्नु पर्नेछ । साथै अध्यक्ष पदमा २ कार्य अवधि भन्दा बढि बस्न पाईने छैन ।*

**३. मूल कानुनको दफा १६ को उपदफा-३ को सट्टा देहायको बमोजिम संशोधन गरी राखिएको छ ।**

३) *उपभोक्ता समुहको विधानमा निर्धारित पक्रिया बमोजिम उपभोत्ता समुहले प्रत्येक वर्ष आफुले आम्दानी गरेको कुल बार्षिक आय ५०,००० रुपैया भन्दा कम भएमा आम भेला गराई स्विकृत गराई र सो भन्दा बढि भएमा मान्यता प्राप्त लेखा परिक्षक बाट लेखापरिक्षण गराई सभा आयोजना गरी आफ्नो बार्षिक कार्यक्रम*

*र लेखा परिक्षण प्रतिवेदन पारित गरी सो को विवरण आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र यस गाउपालिकामा उपलब्ध गराउनु पर्नेछ ।*

**४. मूल कानुनको दफा-१८ को उपदफा-१ को सट्टा देहायको बमोजिम संशोधन गरी राखिएको छ ।**

१) सामुदायिक वन उपभोक्ता समुहले आफ्नो समुहभित्र विपन्न घरधुरीहरुलाई सामुहिक वा एकल रुपमा वन पैदावरमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि डिभिजन वन कार्यालयको स्विकृतिमा बढिमा १० बर्षको लागि सुम्पन्न सक्नेछन् सो कार्य गर्दा समूह तर्फ कम्तिमा ५ घरधुरी सहभागी भएको हुनेछ ।

**५. मूल कानुनको दफा-२२ लाई देहाय बमोजिम संशोधन गरी राखिएको छ**

*सामुदायिक वन उपभोक्ता समुहले समुह बाहिर व्यावसायिक प्रयोजनका लागि वन पैदावर बिक्रि बापत प्राप्त हुने रकममध्ये १० प्रतिशत रकम अनिवार्य रुपमा यस पालिकाको स्थानिय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।*

**६. मूल कानुनको दफा-२७ को उपदफा-४ को सट्टा देहायको बमोजिम संशोधन गरी राखिएको छ**

*४) धार्मिक तथा सास्ँकृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि यस गाउपालिकाको सम्बन्धित वडा कार्यालयको समन्वयमा डिभिजन वन कार्यालयले सो समुह दर्ता गरी त्यसको विवरण गाउँपालिकामा जानकारी उपलब्ध गराउनु पर्नेछ । धार्मिक वनको वन पैदावर धार्मिक प्रयोजन बाहेक अन्यत्र बिक्रि वितरण गर्न पाईने छैन ।*

समाप्त

प्रमाणिकरण मितिः २०८०।१२।०२ गते ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत